## • वस्तुगत प्रश्नोत्तर

**१. राष्ट्रकवि माधवप्रसाद घिमिरेको निधन कहिले भएको हो ?**
✍ वि.सं. २०७७ भदौ २ ।
- वि.सं. १९७६ असोज ७ गते लमजुङको पुस्तुनमा जन्मिनुभएका राष्ट्रकवि घिमिरे २०७५ असोजमा सय वर्षमा प्रवेश गर्नुभएको थियो । घिमिरे स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैली भएका कुशल साहित्यकार, कवि र गीतकार हुनुहुन्थ्यो ।
- वि.सं. १९९४ देखि नेपाली साहित्यिक फाँटमा सक्रिय राष्ट्रकवि घिमिरेका गौरी, मालतीमुङ्गले, हिमालपारि हिमालवारि, राजेश्वरी, इन्द्रकुमारी, राष्ट्रनिर्माता, किन्नर–किन्नरी, चारु चर्चा, आफ्नो बाँसुरी आफ्नै गीत, घामपानी, नयाँ नेपाल, विषकन्या,



शकुन्तलालगायतका दर्जनौँ कृति नेपाली समाजमा लोकप्रिय छन् ।
- राष्ट्रकवि घिमिरेका 'नेपाली हामी रहौँला कहाँ', 'गाउँछ गीत नेपाली, फूलको थुँगा बगेर गयो, आजै र राती के देखेँ सपनी, झमझम पानी पर्‍यो असारको रात, सारङ्गी त रेटे पनि बज्छ मिठो धुन'लगायत दर्जनौँ कालजयी गीत नेपालीको मनमनमा गुञ्जिएका छन् । उहाँका कृतिहरू राष्ट्रिय भावनाले ओतप्रोत छन् ।
- नेपाल प्रज्ञा प्रतिष्ठनका आजीवन सदस्य घिमिरेले दुई कार्यकाल उपकुलपति तथा दुई वर्ष कुलपतिका रूपमा रहेर कार्य गर्नुभएको थियो ।
- उहाँका छ जना छोरी र दुई छोरा हुनुहुन्छ । पहिलो श्रीमती गौरीको २००४ सालमा निधनपछि महाकालीसँग दोस्रो विवाह गर्नुभएको थियो ।

**२. वर्ल्ड बुक अफ रेकर्ड, युके अवार्डबाट सम्मानित नेपाली बाल कराँते खेलाडी को हुन् ?**
✍ आर्यन रञ्जित ।
- (सानो उमेरमै खेलकुदमा पुर्‍याएको योगदानको कदर गर्दै आर्यनलाई उक्त अवार्डबाट सम्मान गरिएको ।)

**३. भाषा साहित्यतर्फको राष्ट्रिय प्रतिभा पुरस्कार** (२०७७ **मा) कसलाई प्रदान गरियो ?**
प्रा.डा. दयाराम श्रेष्ठ ।
- त्यस्तै, ललितकलातर्फको राष्ट्रिय प्रतिभा पुरस्कार श्यामलाल श्रेष्ठलाई प्रदान गरिएको ।
- सङ्गीत तथा नाट्य विधातर्फको राष्ट्रिय प्रतिभा पुरस्कार सत्यनारायण चौधरीलाई प्रदान गरिएको । राष्ट्रिय प्रतिभा पुरस्कारको राशि जनही एक लाख र प्रादेशिक प्रतिभा पुरस्कारको राशि ५० हजार रुपियाँ रहेको ।

**४. २०७६ सालको महाकवि देवकोटा पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ कवितातर्फः मोहन सिटौला, निबन्धतर्फः प्रा. केशव सुवेदी, नाटकतर्फः पद्मावती सिंह, बाल/लोकसाहित्यतर्फः डा. मधुसूदन गिरी र भाषासाहित्यतर्फ : भैरव रिसाल ।

**५. २०७६ सालको गोपालप्रसाद रिमाल राष्ट्रिय प्रतिभा पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ अभि सुवेदी (नाटकतर्फ) र घनश्याम उपाध्याय कँडेल (कवितातर्फ) ।

**६. २०७६ सालको सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ नवराज विक (समाजसुधार अभियानतर्फ, मरणोपरान्त), त्रिभुवनचन्द्र वाग्ले (मानवअधिकारतर्फ) र तिलक परियार (सीप, कला, शिक्षा, साहित्यलेखन तथा अनुसन्धानतर्फ) ।

**७. रसुवाको गोसाइँकुण्ड गाउँपालिका–२ टिमुरेमा सुख्खा बन्दरगाहको शिलान्यास कहिले गरिएको हो ?**
✍ वि.सं. २०७६ मङ्सिर ४ ।
- साढे दुई वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको सो बन्दरगाह निर्माणका लागि एक अर्ब ९८ करोड रुपियाँ लाग्ने अनुमान रहेको ।
- यो बन्दरगाह निर्माण सम्बन्धमा नेपाल र चीनवीच वि.सं. २०७६ वैशाख २९ मा समझदारीपत्रमा हस्ताक्षर भएको ।

**८. एफटीटीएचको पूरा रूप के हो ?**
✍ फाइबर टु द होम ।
- नेपाल टेलिकमले द्रुतगतिको इन्टरनेट सेवा एफटीटीएचको आरम्भ वि.सं. २०७६ भदौ २३ गते रूपन्देही जिल्लाको गैडहवा गाउँपालिकास्थित सूर्यपुरा बजारमा गरेको ।
- एफटीटीएच प्रविधिमार्फत परम्परागत तामाको तारको सट्टामा घरसम्म अप्टिकल फाइबर पुर्‍याई ट्रिपल प्ले अर्थात् भ्वाइस, उच्च गतिको इन्टरनेट र भिडियो सेवाहरू प्रदान गर्न सकिने जनाइएको ।

**९. विश्वमा क्रेडिट कार्डको प्रयोग गर्ने पहिलो राष्ट्र कुन हो ?**
✍ अमेरिका ।

**१०. चीनका राष्ट्रपति सी चिनफिङले वान बेल्ट वान रोड (ओबीओआर) को अवधारणा कहिले प्रस्तुत गर्नुभयो ?**
✍ सन् २०१३ ।
- नेपालले वि.सं. २०७४ वैशाख २५ मा ओबीओआरमा हस्ताक्षर गर्ने निर्णय गरेको । सो अनुरूप २०७४ वैशाख २९ मा नेपालका तर्फबाट हस्ताक्षर भएको ।
- ओबीओआरसम्बन्धी साझेदारीपत्रमा नेपालका तर्फबाट परराष्ट्र सचिव शङ्करदास वैरागी एवं चीनका तर्फबाट राजदूत यु होङले हस्ताक्षर गर्नुभएको ।

**११. पारदर्शिताको प्रवर्द्धन गरी प्रभावकारी सरकार बनाउने उद्देश्यका साथ 'ओपन गभर्नमेन्ट पार्टनरसीप' (ओजीपी) को स्थापना कहिले गरिएको हो ?**
✍ सन् २०११ सेप्टेम्बर २० ।
- ओजीपीको संस्थापक राष्ट्रहरूमा अमेरिका, मेक्सिको, ब्राजिल, इन्डोनेसिया, फिलिपिन्स, दक्षिण अफ्रिका, बेलायत र नर्वे रहेका ।
- यस संस्थामा हाल १५ उपक्षेत्रीय सरकारी संयन्त्रसहित ७५ सदस्य राष्ट्र रहेका ।

**१२. अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्यता त्याग गर्ने पहिलो राष्ट्र कुन हो ?**
✍ बुरुन्डी (सन् २०१७ अक्टोबर २७) ।
- (सदस्यता त्याग्ने दोस्रो राष्ट्र फिलिपिन्स । फिलिपिन्सले सन् २०१८ मार्च १७ मा सदस्यता त्यागको घोषणा गरेको ।)

**१३. कर्णाली प्रदेशलाई सहयोगापेक्षी सडकमानव मुक्त घोषणा कहिले गरिएको हो ?**
✍ वि.सं. २०७६ माघ ४ ।
- (सो प्रदेशलाई बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन सहयोगापेक्षी सडकमानव मुक्त प्रदेश घोषणा गरिएको ।)

**१४. सुदूर पश्चिम प्रदेशद्वारा भिडियो कन्फ्रेन्स प्रविधिको उद्घाटन कहिले गरियो ?**
✍ वि.सं. २०७६ माघ २९ ।
- श्रव्यदृश्य सम्मेलन प्रविधिमार्फत प्रत्येक जिल्लाका समन्वय समिति एवं स्थानीय तहले छलफल गर्न सक्ने ।
- भिडियो कन्फेन्स प्रविधिले पहिलोपटक नौवटै जिल्लालाई जोडेको साथै यसले संसदीय खुलापन र कानुन निर्माणमा सहयोग पुग्ने जनाइएको ।

**१५. प्रदेश ५ सरकारले प्रदेश गौरवका आयोजना निर्धारणसम्बन्धी मापदण्ड, २०७६ कहिले स्वीकृत गरेको हो ?**
✍ वि.सं. २०७६ फागुन २ ।
- (सो मापदण्डअनुसार प्रदेशको गौरवको आयोजना हुनका लागि कम्तीमा ५० करोड रुपियाँ लगानी हुनुपर्ने र तीनदेखि पाँच वर्षभित्रमा आयोजनाको निर्माण सम्पन्न गरिसक्नु पर्ने । त्यस्तै सहरी क्षेत्रमा कम्तीमा ५० हजार, ग्रामीणक्षेत्रमा १० हजार र गरिबीको रेखामुनि वा सीमान्तकृत जनसङ्ख्यालाई प्रत्यक्ष लाभ पुग्ने भए १० हजार जनसङ्ख्याले लाभ लिन पाउने आयोजनालाई प्रदेश गौरवको आयोजनाका रूपमा लिइने व्यवस्था गरिएको ।)

**१६. कुन स्थानीय तहमा एक वडा एक तालको अभियानलाई अघि बढाउन थालिएको छ ?**
✍ घोराही उपमहानगरपालिका (दाङ) ।
- (घोराही उपमहानगरपालिकाले सिँचाइ र पर्यावरणका लागि विशेष योजना बनाई कृत्रिम ताल निर्माण अभियान सञ्चालन गर्न थालेको ।)

**१७. ग्रामी अवार्ड २०२० मा चार अवार्ड जित्दै नयाँ इतिहास रच्ने गायिका को हुनुहुन्छ ?**



✍ विली आइलिस ।
- सन् २०२० जनवरी २६ मा अमेरिकाको लस एन्जलसमा आयोजित ६२ औँ अवार्ड समारोहमा उहाँले उत्कृष्ट नवकलाकार, वर्षको उत्कृष्ट रेकर्ड, उत्कृष्ट एल्बम र पप भोकल एल्बमसहित चार ग्रामी अवार्ड जित्नुभएको । विली एकैपटक उपरोक्त चार अवार्ड हात पार्ने पहिलो युवती तथा समग्रमा दोस्रो कलाकार बन्नुभएको । यसअघि सन् १९८१ मा क्रिस्टोफर क्रसले यी विधाका अवार्ड हात पार्नुभएको ।
- समारोहमा अमेरिकी पूर्व प्रथम महिला मिसेल ओबामाको गीत ' बिकमिङले अडियो बुक विधामा अवार्ड चुमेको । त्यस्तै लेडी गागाको आई विल नेभर लभ अगेनले बेस्ट सङ फर भिजुअल मिडियाको अवार्ड, ट्रेडिसनल पप भोकल एल्बमको अवार्ड लुक नाउले, कन्ट्री सोलो पर्फर्मेन्स राइडको अवार्ड विली नेसनको मी ब्याकहोमले र र्‍याप एल्बमको अवार्ड टाइलरले जितेका ।

**१८. नेपाल तथा एसियाली अध्ययन केन्द्र कहाँ छ ?**
✍ त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर परिसरमा ।
- यो संस्था भाषाविज्ञान, इतिहास, भूगोल, राजनीतिशास्त्र, समाज विज्ञान र धर्मसंस्कृति अध्ययन–अनुसन्धान गर्ने थलोका रूपमा स्थापना भएको ।
- वि.सं. २०२९ साउन १ मा स्थापित इन्स्टिच्युट अफ नेपाल स्टडीलाई वि.सं. २०३४ भदौमा तत्कालीन त्रि.वि. ऐन अनुसार नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास) मा रूपान्तरण गरिएको ।
- सिनासले प्रकाशन गर्ने जर्नल विश्वका एक सय १२ मुलुकका विश्वविद्यालयसम्म पुग्ने गरेकोमा हाल ५८ विश्वविद्यालयमा मात्रै पुग्ने गरेको ।
- त्रि.वि.अन्तर्गत सिनाससहित आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा), व्यावहारिक विज्ञान तथा प्राविधिक अनुसन्धान केन्द्र (सेरिड) सञ्चालनमा रहेका ।

**१९. सामान्यतया वस्तु तथा सेवाको आन्तरिक उत्पादन र पैठारीमा लगाइने करलाई के भनी चिनिन्छ ?**
✍ अन्तःशुल्क ।
- सिद्धान्ततः मानवीय स्वास्थ्य र वातावरणमा नकारात्मक प्रभाव पार्ने तथा विलासिताका वस्तुमा अन्तःशुल्क लगाउने गरिन्छ । अन्तःशुल्क कर खासगरी उत्पादकको तहमा र पैठारीमा लगाइन्छ । अन्तःशुल्क लाग्ने भनी तोकिएका स्वदेशी उत्पादन वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा त्यस्ता वस्तु वा सेवा उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी हुने मूल्यमा वा निष्कासन भएको परिमाणमा तोकिएको दर अनुसार निष्कासनका बेलामा लाग्ने कर नै अन्तः शुल्क हो ।

**२०. नेपालमा सर्वप्रथम कागजी मुद्रा कहिलेदेखि प्रचलनमा ल्याइएको हो ?**
✍ वि. सं. २००२ असोज १ ।
- नेपालमा राणा प्रधानमन्त्री जुद्धशमशेरले एक अध्यादेश जारी गरी वि.सं. २००२ असोज १ देखि कागजी मुद्रा प्रचलनमा ल्याएका थिए ।
- पहिलो पटक रु. १००, रु. १० र रु. ५ दरका कागजी नोट जारी गरिएको थियो ।
- सदर मुलुकीखानाबाट जारी गरिएको ती नोटहरूमा दस्तखत गर्ने खजाञ्ची जनकराज थिए ।

**२१. नागरिक लगानी कोषको स्थापना कहिले भएको हो ?**
✍ वि.सं. २०४७ चैत ४ ।
- नागरिक लगानी कोष ऐन, २०४७ अनुसार राष्ट्रको आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहन गरी पूँजी वृद्धिका साथै लगानीका अवसर बढाउन तथा पुँजीबजारको विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखी कोषको स्थापना भएको ।

**प्रमुख उद्देश्य**
- स्वदेश तथा विदेशस्थित नेपाली नागरिकलाई कोषको कार्यक्रममा आबद्ध गर्ने ।
- सामाजिक सुरक्षणसम्बन्धी थप कार्यक्रम सञ्चालन गर्ने ।
- प्राथमिकता प्राप्त क्षेत्रहरू (जलविद्युत् क्षेत्र, पूर्वाधार विकास, उत्पादनशील क्षेत्र, पर्यटन तथा निर्यात प्रवर्द्धन, पुँजीबजारका उपकरणहरू) मा लगानी गर्ने ।
- कोषको रकम न्यून जोखिमका क्षेत्रमा लगानी गर्ने ।
- बजार निर्माता तथा शेयरको थोक खरिद विक्री गर्ने ।
- पुँजीबजार सेवाका उपकरण/औजारहरू प्रभावकारी बनाउने ।

**२२. माथिल्लो अरूण अर्ध जलाशययुक्त जलविद्युत् आयोजनाको उत्पादन क्षमता कति छ ?**
✍ १०६१ मेगावाट ।
- जनताको जलविद्युत् कार्यक्रम अर्न्तगत आकर्षक परियोजनाको सूचीमा राखिएको सो आयोजना निर्माणका लागि सरकारले नेपाल विद्युत् प्राधिकरणको पूर्ण स्वामित्वको कम्पनी अपर अरुण हाइड्रो इलेक्ट्रिक लिमिटेडलाई सर्वेक्षण अनुमति प्रदान (२०७६ कात्तिक) गरेको ।
- मन्त्रिपरिषद्ले गतवर्ष असोजमा सो आयोजनामा सर्वसाधारणको पनि सेयर रहने गरी कम्पनी मोडलमा निर्माण गर्न सहमति दिएको ।
- सङ्खुवासभामा पर्ने यो आयोजना अरुण तेस्रोभन्दा माथि रहेको ।
- वि.सं. २०८३ पुसभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यो आयोजनाको निर्माण लागत एक खर्ब २० अर्ब रुपियाँ रहेको ।
- ४९ प्रतिशत सर्वसाधारणको सेयर र विश्व बैङ्क, युरोपेली लगानी बैङ्कको सहुलियतपूर्ण ऋण तथा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायतका स्वदेशी वित्तीय संस्थाको लगानी रहने मोडलमा वित्तीय व्यवस्थापन हुने बताइएको ।

**२३. आन्तरिक राजस्व विभागले केन्द्रीय बिजक प्रणालीको सुरुवात कहिलेदेखि गरेको हो ?**
✍ वि.सं. २०७४ मङ्सिर १ ।

**२४. नेपालमा सर्वप्रथम जनगणना लिने संस्था कुन हो ?**
✍ सेन्सस गोश्वारा ।
- नेपालमा जनगणना वि.सं. १९६८ देखि सुरु भएको ।
- नेपालमा चौथो जनगणना (वि.सं. १९९८) सम्म हेड काउन्ट( टाउको गन्ती) को रूपमा गणना गर्ने गरिएकोमा पाँचौं (२००९/११) बाट वैज्ञानिक गणना सुरु गरिएको ।
- नेपालमा सुरुआती चरणमा 'सेन्सस'गोश्वाराले जनगणना लिने गरेकोमा वि.सं. २०१८ बाट केन्द्रीय तथ्याङ्क विभागले लिँदै आएको ।
- वि.सं. २०२८ बाट जनगणनामा कम्प्युटरको प्रयोग गर्न थालिएको ।

**२५. नेपालमा कुपोषणको समस्या समाधान गर्न सन् २०१३ देखि कति वर्षे बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा ल्याइएको थियो ?**
✍ पाँचवर्षे ।
- (पहिलो योजना सम्पन्न भएपछि अहिले दोस्रो चरणको पाँचवर्षे (२०१८–२०२२) योजना कार्यान्वियन भएको ।)

**२६. एसडीजी गोल इन्डेक्स–२०१९ मा नेपाल कतिऔँ स्थानमा छ ?**
✍ १०३औँ
- एसडीजीमा निर्धारण गरिएका लक्ष्यहरूको प्रगतिका आधारमा तयार गरिने यो रेङ्किङमा नेपाल ६३.९ अङ्कका साथ सो स्थानमा रहेको ।
- अध्ययनमा १२६ देश समेटिएको सो सूचीको पहिलो पाँच स्थानमा क्रमशः डेनमार्क, स्वीडेन, फिन्ल्यान्ड, फ्रान्स र अस्ट्रिया रहेका । अन्तिम स्थानमा सेन्ट्रल अफ्रिकन रिपब्लिक, चाड, डोमिनिकन रिपब्लिक, कङ्गो र नाइजेरिया रहेका ।

**२७. चलचित्रका क्षेत्रमा नोबेल पुरस्कारका रूपमा मानिने प्रसिद्ध ओस्कार अवार्ड पहिलोपटक कहिले प्रदान गरिएको थियो ?**
✍ सन् १९२९ ।
- (सन् १९२९मा स्थापित यो पुरस्कार पहिलोपटक सन् १९२९ मा 'विङ्स' चलचित्रलाई प्रदान गरिएको थियो । हालसम्म 'बेनहुर' र 'टाइटानिक' चलचित्रले सर्वाधिक ११/११ विधामा ओस्कार आवर्ड जित्न सफल भएका छन् ।)



**२८. सरकारले शिक्षा विभागको नाम परिवर्तन गरी के बनाएको छ ?**
✍ शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

**२९. जिल्ला शिक्षा कार्यालयलाई कहिलेदेखि 'शिक्षा विकास तथा समन्वय एकाइ' बनाइएको हो ?**
✍ वि.सं २०७४ चैत २९ ।
- (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चैत २८ मा सबै जिल्ला शिक्षा कार्यालयलाई खारेज गर्दै एकाइ कार्यालयमा स्थापना गर्न जिल्ला शिक्षा अधिकारीलाई निर्देशन दिएको थियो । मन्त्रालयले जिल्ला शिक्षा अधिकारीलाई नै उक्त कार्यालयको प्रमुख रहेर काम गर्ने व्यवस्था गरेको । देशभर २०१८ सालदेखि जिल्ला शिक्षा कार्यालय रहँदै आएका थिए ।)

**३०. नेपालमा रामापिथेकसको् अवशेष कहाँ फेलापरेको हो ?**
✍ तिनाउ –बुटवल) ।
- अमेरिकाको नेसनल जिओग्राफिक सोसाइटीका डा. जे. एच हट्चिसन सहित नेपालको त्रिभुवन विश्वविद्यालयका अन्वेषणकर्ताद्वारा सन् १९७९ देखि १९८२ सम्म गरिएको अन्वेषणअनुसार एक करोड दश लाख वर्ष पुरानो रामापिथेकसको बङ्गारा (दाँत) भेटिएको थियो । उक्त बङ्गाराको 'डमी' बनाएर सर्वसाधारणको प्रदर्शनका लागि त्रिभुवन विश्वविद्यालयको प्राकृतिक सङ्ग्रहालयमा राखिएको छ ।
- यो जीवाषशेषको पहिचानपश्चात् सन् २०१३ मा 'नेपालका जीवावशेष' भन्ने टिकटमाला जारी गरिएको । रामापिथेकसको प्रचारप्रसारका लागि तिनाउतट नजिकै रामापिथेकस पार्क निर्माण गरी प्रतीक स्थापना गरिएको छ । साथै पाल्पा जिल्ला र रूपन्देहीको सङ्गम मानिने सिद्धबाबा धामका दुवै समितिको पहलमा तल्लो सिद्धबाबा धाममा 'रामापिथेकस वनस्पति उद्यान' निर्माणको कार्य पनि

**प्रस्तुतकर्ता : टङ्क के.सी.**

## • विषयगत प्रश्नोत्तर

# व्यवस्थापिकाका कार्य




**१. व्यवस्थापिका भनेको के हो ? व्यवस्थापिकाले गर्ने कार्यहरू के के हुन् ? सूची बनाउनुहोस् ।**

✍ राज्यको कानुन बनाउने सर्वोच्च निकायलाई व्यवस्थापिका भनिन्छ । यो जनताका प्रतिनिधिहरूको थलो हो । यस निकायमा राष्ट्रिय सरोकारका विषयमा विचार विमर्श हुने गर्दछ । सरकारको गठन र विघटन पनि यही निकायबाट हुने गर्दछ । यसमा जनताका प्रतिनिधिहरूले जनताको प्रतिनिधित्व गरी जनताको हितमा कानुन निर्माण गर्दछन् । व्यवस्थापिकाले निर्माण गरेको कानुनको आधारमा राज्य सञ्चालन हुने गर्दछ । एक सदनात्मक र दुई सदनात्मक गरी व्यवस्थापिका दुई प्रकारको हुने अभ्यास छ । नेपालको संविधानले २७५ सदस्य रहेको प्रतिनिधि सभा र ५९ सदस्य रहेको राष्ट्रिय सभासहित केन्द्रमा दुई सदनात्मक सङ्घीय संसद् हुने व्यवस्था गरेको छ ।

- व्यवस्थापिकाले गर्ने कार्यहरू

कानुन निर्माण गर्ने, विधेयक पारित गर्ने, संविधान संशोधन गर्ने, ऐन संशोधन गर्ने, ऐन खारेज गर्ने जस्ता कार्य, बजेट पारित गर्ने, बजेटमा दफावार छलफल गर्ने, पारित गर्ने, करका दर तोक्ने, खर्च नियन्त्रण गर्ने, सरकारको गठन गर्ने, नियन्त्रण गर्ने । संसद्मा सरकारका कार्यबारे प्रश्न सोधेर, ध्यानाकर्षण प्रस्ताव राखेर, आलोचना गरेर, अविश्वासको प्रस्ताव राखेर सरकारको नियन्त्रण गर्ने ।

- कार्यपालिका र सो अन्तर्गतको निकायलाई नियन्त्रण र निर्देशन गर्ने । सरकारको नीति तथा कार्यक्रमको समीक्षा गरी पारित गर्ने वा असफल पार्ने । संविधानअनुसार महाभियोग लगाउने कार्य गर्ने । संसद्मा निर्णयका लागि पेस गरिएका विषयमा मतदान गर्ने, विश्वास र अविश्वासको प्रस्ताव पारित गर्ने । तोकिएका संवैधानिक पदमा नियुक्त गरिने ब्यक्तिबारे संसदीय सुनुवाइको कार्य गर्ने । बाधा अड्काउ फुकाउने आदेशको अनुमोदन गर्ने । सङ्कटकालको अनुमोदन गर्ने । अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदन गर्ने ।

**२. नेपाली समाज विविधतामा एकता हो पुष्टि गर्नुहोस् ।**

✍ नेपाली समाजमा खासगरी जातीय, भाषिक, धार्मिक एवं सांस्कृतिक पक्षमा देखापर्ने फरकपन सामाजिक विविधता हो भने यो विभिन्नताका साथै एउटै समाजमा एकापसमा मेलमिलाप गर्दै एकले अर्कोलाई सम्मान गरेर बस्नु विविधताभित्रको एकता हो । नेपाली समाजको यो विशिष्ट गुणलाई निम्नानुसार पुष्टि गर्न सकिन्छ :

- एउटै समाजमा फरकफरक जातजाति छन् र पनि नेपाली समाज मिलेर अगाडि बढ्दै आएको छ ।
- नेपाली समाजमा धेरै भाषा छन् र यहाँ बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा मानी सम्मान गरिएको छ साथै नेपाली भाषालाई सरकारी कामकाजको भाषा मानी भाषाभित्र एकता कायम गर्न खोजिएको छ ।

नेपालमा धार्मिक विविधताका साथै धार्मिक स्वतन्त्रता पनि छ र एक धर्मले अर्को धर्मलाई सम्मान गर्ने गरिएको छ ।

- नेपाली समाजमा सामाजिक रीतिरिवाज, चालचलन, भेषभूषा, मूल्यमान्यता, मर्यादा आदिमा विविधता एवं स्वतन्त्रता छ तथापि एक जाति, समुदायले अर्को जाति समुदायको संस्कृति तथा परम्परालाई सम्मान एवं संरक्षण गरिँदै आएको पाइन्छ ।
- यसप्रकार नेपालमा जाति, भाषा, धर्म, समुदायमा रहेको विविधताका अतिरिक्त एकले अर्कोलाई सम्मान गर्ने, अस्तित्व स्वीकार गर्ने साथै आपसमा मेलमिलाप गरी बसेकाले नेपाली समाजमा विविधतामा एकता हो भन्न सकिन्छ ।

**३. जैविक विविधताको परिचय दिँदै यसको महत्ववारे चर्चा गर्नुहोस् ।**

✍ जीवित प्राणी एवं वनस्पतिमा फरकपन हुनु, भिन्नता हुनुलाई जैविक विविधता भनिन्छ । यो पृथ्वीमा भएका जीवित सम्पदाको भिन्नता हो, करोडौँ जीवात्मामा भएको फरकपन हो । मानिस, वनस्पति, पशुपन्छी, सूक्ष्म जीव आदिका भिन्न रूपहरू जैविक विविधता अन्तर्गत पर्दछन् । जैविक विविधता स्थानअनुसार फरक हुन्छ । पारिस्थितिक प्रणाली विविधता, प्रजाति विविधता र वंशानुगत विविधता गरी जैविक विविधता तीन प्रकारको हुन्छ ।

- जैविक विविधताको महत्व

मानिसलाई आवश्यक पर्ने सम्पूर्ण वस्तुको स्रोत जैविक विविधता हो । यसले मानिसको गास, बास, जीवनशैली, सामाजिक एवं आर्थिक पक्षसँग महत्व राख्छ । यसको महत्वलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
कृषिजन्य वस्तु उत्पादन वृद्धिमा सहयोग,
पशुजन्य उत्पादन वृद्धिमा सहयोग,
वनस्पतिजन्य उत्पादन वृद्धिमा सहयोग,
जीवजन्तु एवं वनस्पतिको वंशाणु सुधार गर्न एवं तिनको अस्तित्व जोगाउन मद्दत,
भूक्षय हुनबाट रोकावट, माटोको संरक्षण,
वातावरण सन्तुलन राख्नमा मद्दत,
प्राकृतिक सौन्दर्यको वृद्धि गरी पर्यटन विकासमा सहयोग,
धार्मिक एवं सांस्कृतिक स्थान जोगाइराख्नमा सहयोग ।

**४. बैङ्क तथा वित्तीय संस्थाको कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार के–के हुन् ? लेख्नुहोस् ।**

✍ आफ्नो कामको निमित्त सञ्चालक समितिप्रति उत्तरदायी हुने बैङ्क तथा वित्तीय संस्थाको कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले गरेको छ :

- प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागू गर्ने र बैङ्क वा वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने,
- बैङ्क वा वित्तीय संस्थाको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिका लागि सञ्चालक समितिसमक्ष पेस गर्ने,
- बैङ्क वा वित्तीय संस्थाको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,
- साधारण सभाद्वारा गरिएका निर्णय कार्यान्वयन गर्ने, गराउने,
- बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र राष्ट्र बैङ्कको निर्देशन अनुरूप संस्था सञ्चालन गर्ने र बैंक वा वित्तीय संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,
- बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, राष्ट्र बैङ्कको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैङ्क वा वित्तीय संस्थाले राष्ट्र बैङ्क वा अन्य कुनै निकायमा पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,
- निक्षेपकर्ता, शेयरधनी तथा बैङ्क वा वित्तीय संस्थाको उच्चतम हित हुने गरी सञ्चालन गर्ने,
- सञ्चालक समितिले निर्धारण गरेको नीति अन्तर्गत रही उच्च व्यवस्थापनका लागि उचित मापदण्ड लागू गर्ने ।

**प्रस्तोता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL